महाङ्काल गाउँपालिका
Mahankal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
गोटिखेल, ललितपुर
Gotikhel, Lalitpur
बागमती प्रदेश,नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:- ०८२/०८३
चलानी नं/Dispatch No:-

## मर्मत सम्भार सेवा प्रदायक छनोट सम्बन्धी प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०३/०१**

यस महाङ्काल गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सवारी साधनहरू (३ वटा बोलेरो, १ वटा एम्बुलेन्स र १ वटा टिपर) को आ.व. २०८३/०८४ मा आवश्यक पर्ने नियमित तथा आकस्मिक मर्मत सम्भार, पार्टपुर्जा प्रतिस्थापन तथा सर्भिसिङ कार्य गराउन सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम योग्य, अनुभवी तथा कानुनी रूपमा दर्ता भएका वर्कशप/फर्म/कम्पनीहरूबाट प्रस्ताव (Quotation/Proposal) पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

### १. सेवाको विवरण

- बोलेरो गाडी – ३ वटा
- एम्बुलेन्स – १ वटा
- टिपर – १ वटा

नियमित तथा आवश्यकताअनुसारः

- इन्जिन मर्मत
- क्लच, गियर, ब्रेक मर्मत
- सस्पेन्सन तथा स्टेरिङ मर्मत
- इलेक्ट्रिकल तथा वायरिङ कार्य
- वेल्डिङ तथा बडी रिपेयर
- टायर, ट्युब, ब्याट्री प्रतिस्थापन
- लुब्रिकेन्ट तथा फिल्टर परिवर्तन
- अन्य आवश्यक मर्मत तथा सर्भिसिङ कार्य

(मर्मत सम्वन्धि सामाग्रीहरु आधिकारीक विक्रेतावाट उपलब्ध गराइएको हुनुपर्नेछ।)

### २. प्रस्तावदाताको योग्यता

प्रस्तावदाताले निम्न कागजातहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछः

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र
४. सम्बन्धित क्षेत्रको अनुभव खुल्ने कागजात

०८३/०३/०१
सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

५. कार्यशाला (Workshop) को विवरण तथा जनशक्ति विवरण
६. मर्मत सम्भार तथा स्पेयर पाट्‌र्सको छुट दर (Discount Rate) प्रस्ताव

## ३. प्रस्ताव पेश गर्ने तरिका

- प्रस्ताव सिलबन्दी गरी कार्यालयमा पेश गर्नुपर्नेछ।
- प्रस्तावमा विभिन्न मर्मत कार्यको श्रम शुल्क (Labor Charge) तथा स्पेयर पाट्‌र्समा उपलब्ध गराइने छुट प्रतिशत स्पष्ट उल्लेख गर्नुपर्नेछ।
- गाउँपालिकाले आवश्यकता अनुसार एक वा एकभन्दा बढी सेवा प्रदायकसँग सम्झौता गर्न सक्नेछ।

## ४. प्रस्ताव बुझाउने अन्तिम मिति

सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र कार्यालयमा पेस गर्न सकिनेछ।

## ५. प्रस्ताव खोल्ने मिति

अन्तिम मितिको भोलिपल्ट बिहान ११:०० बजे गाउँपालिकाको कार्यालयमा प्रस्ताव खोलिनेछ।

## ६. छनोटको आधार

- अनुभव
- प्रस्तावित श्रम शुल्क दर
- स्पेयर पाट्‌र्समा उपलब्ध छुट प्रतिशत
- कार्य सम्पादन क्षमता
- कार्यशालाको पहुँच तथा उपलब्धता

## ७. अन्य

- आवश्यकताअनुसार गाउँपालिकाले प्रस्ताव स्वीकार वा अस्वीकार गर्न सक्नेछ।
- सम्झौता अवधि आ.व. २०८३/०८४ को असार मसान्तसम्म कायम रहनेछ।
- थप जानकारीका लागि गाउँपालिका कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

083/02/09

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत